नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं
फोन नं. ०१५९७१९८०
बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

## जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट रसुवा, नुवाकोट र धादिङ समेतका जिल्लाहरुमा आएको विनाशकारी बाढी पश्चात मिति २०८३/०५/१० गतेदेखि आज मिति २०८३/०५/२१ गतेसम्म भए गरेका कार्यहरुः

### १. राहत सामग्रीहरुको संकलन र व्यवस्थापनः

क. जिल्ला प्रशासन कार्यालय, काठमाडौंको पुरानो भवनमा तत्काल राहत सामग्रीहरुको संकलन कार्य सुरु गरिएको।

ख. सामाखुशी रानीवारीस्थित नेपाल प्रहरी विपद् उद्धार एवम् प्रतिकार्य तालिम केन्द्रको परिसरमा राहत सामग्रीहरुको संकलन केन्द्र सञ्चालनमा ल्याइएको।

ग. सामाखुशी बसुन्धारास्थित राधास्वामी सत्संग व्यास नेपाल, सामाखुशी केन्द्रको भवन परिसरभित्र राहत सामग्री संकलन तथा व्यवस्थापनका लागि उक्त संस्थासँग समन्वय गरी प्रवन्ध मिलाइएको। आवश्यक कर्मचारी खटाई यस कार्यालयको यूनिटको रुपमा स्थापना गरिएको।

घ. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौंबाट तयार गरिएको सेतु software मा प्रत्येक राहत सामग्रीहरुको विवरण प्रविष्ट गरी आम्दानी र खर्च देखाइएको।

ङ. नागार्जुन नगरपालिकामा रहेको पहेंलो गुम्बामा रसुवा बाढी पीडित भनी विस्थापित भएका व्यक्तिहरुलाई आवश्यक खाद्यान्न, लत्ताकपडा र खाना पकाउने ग्याँस अन्य संघ/संस्थाहरुसँग समेत समन्वय गरी व्यवस्थापन गरिएको।

च. काठमाडौंको स्वयम्भूस्थित मुस्ताङ गुम्बामा रहेका रसुवा बाढी पीडितहरुलाई खाना पकाउने ग्याँसको प्रवन्ध गरिएको।

छ. पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको बबरमहलस्थित शहरी बिकास तथा भवन निर्माण बिभाग परिसरमा रहेको राहत संकलन केन्द्रसँग समेत समन्वय गरिएको।

ज. भोटेकोशी/त्रिशुली नदीमा मिति २०८३ भाद्र १० गते आएको भिषण बाढीबाट विस्थापित भई काठमाडौं जिल्लाका विभिन्न स्थानमा आश्रय लिइरहेका घर परिवारको तथ्याङ्क संकलन गर्दै २३

Email: daobabarmahal@gmail.com
Website: daokathmandu.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं

फोन नं. ०१५९७१८८०

बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

परिवारका १२२ जनालाई घरदैलोमै राहतका सामग्रीहरु (खाद्यान्न, लत्ताकपडा, भाडाकुडा सहितका) पुर्‍याइएको। यस कार्यलाई थप निरन्तरता दिइनेछ।

२. राहत वितरणका लागि गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबारसँग समेत समन्वय गरी लक्ष्मी कमर्सियल भेइकल्स प्रा.लि. बाट प्राप्त १ थान मिनिट्रक बाढी प्रभावित क्षेत्रमा र अन्य विपद्को समयमा समेत परिचालन गर्न सक्ने गरी सञ्चार उपकरण सहित तयारी अवस्थामा राखिएको।

३. **शव व्यवस्थापनः** भोटेकोशी/त्रिशुली नदीमा मिति २०८३ भाद्र १० गते आएको भिषण बाढीबाट मृत्यु भएका व्यक्तिहरुमध्ये २६६ संख्याका शव काठमाडौं ल्याइएको। यसरी ल्याइएका शवहरुमध्ये २४ शव पहिचान भएको आधारमा सम्बन्धित परिवारजन/आफन्तलाई जिम्मा लगाइएको। पहिचान हुन नसकेका जम्मा १६१ शवको व्यवस्थापन गरिएको। बाँकी शवहरुमध्ये पहिचान भएको खण्डमा सम्बन्धित परिवारजनलाई जिम्मा लगाइने छ। पहिचान हुन नसकेका शवहरुको हकमा क्रमशः व्यवस्थापन गरिनेछ।

४. **कर्मचारी व्यवस्थापन र टोली गठन गरी परिचालनः**

क. राहत संकलन, अभिलेख व्यवस्थापन र वितरण समेतका कार्यका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा टोलीहरु परिचालन गरिएको।

ख. २४ सै घण्टा राहत सामग्री संकलन तथा वितरणका लागि कर्मचारी परिचालन गरिएको। काठमाडौं जिल्ला भित्रको हकमा बाढीबाट प्रभावित भई यस जिल्लामा आइपुगेका वा उद्धार गरी ल्याइएका व्यक्तिहरुलाई निजहरु रहे/भएको स्थानमा नै टोली गई एकिन गरी घरदैलोमा नै राहत वितरण गरिएको।

५. बाढी प्रभावित व्यक्तिहरुका लागि राहत संकलन तथा वितरण, पहिचान नभएका शवको व्यवस्थापन र अन्य समन्वयात्मक कार्यका लागि सार्वजनिक विदाका दिनहरुमा समेत कार्यालय खोली कर्मचारी परिचालन गरिएको छ। मिति २०८३ भाद्र महिनाभर सार्वजनिक विदाका दिनहरुमा समेत चौविसै घण्टा यसै बमोजिमका कार्यहरुलाई अत्यन्त उच्च प्राथमिकताका साथ सम्पादन गर्ने व्यवस्था मिलाइने व्यहोरा सम्बद्ध सबैमा जानकारी गराउंदछु।

मितिः २०८३/०५/२१
नेपाल संवतः ११४६

(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी

Email: daobabarmahal@gmail.com Website: daokathmandu.moha.gov.np